आज मिति २०७४ जेष्ठ महिनाको २१ गते आइतवारका दिन व्यास नगर नगर कार्यपालिकाका प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको कार्यकारिणी समितिको बैठकमा निम्न बमोजिमको उपस्थितिमा तपसिल बमोजिमका निर्णयहरु गरियो ।

उपस्थिति

| | | |
|---|---|---|
| - नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| - नगर उपप्रमुख | श्री मिरा जोशी | ,, |
| - वडाध्यक्ष वडा नं.१ | श्री खरसिं दरै | ,, |
| - वडाध्यक्ष वडा नं.२ | श्री काशीराम श्रेष्ठ | ,, |
| - वडाध्यक्ष वडा नं.३ | श्री प्रेमकुमार श्रेष्ठ | ,, |
| - वडाध्यक्ष वडा नं.४ | श्री विश्वराज न्यौपान | ,, |
| - वडाध्यक्ष वडा नं.५ | श्री मोहनकुमार श्रेष्ठ | ,, |
| - वडाध्यक्ष वडा नं.६ | श्री सूर्यभक्त भण्डारी | ,, |
| - वडाध्यक्ष वडा नं.७ | श्री सतिशचन्द्र न्यौपाने | ,, |
| - वडाध्यक्ष वडा नं.८ | श्री ओजराज पौडेल | ,, |
| - वडाध्यक्ष वडा नं.९ | श्री सुरेश थापा | ,, |
| - वडाध्यक्ष वडा नं.१० | श्री तुलसीराम सापकोटा | ,, |
| - वडाध्यक्ष वडा नं.११ | श्री निरबहादुर खड्का | ,, |
| - वडाध्यक्ष वडा नं.१२ | श्री तोत्रबहादुर कुंवर | ,, |
| - वडाध्यक्ष वडा नं.१३ | श्री लेखबहादुर राना | ,, |
| - वडाध्यक्ष वडा नं.१४ | श्री काजीमान श्रेष्ठ | ,, |
| - नगर कार्यपालिका सदस्य | श्री तमबहादुर दरै | ,, |
| - नगर कार्यपालिका सदस्य | श्री केशबहादुर सुनार | ,, |
| - नगर कार्यपालिका सदस्य | श्री कल्पना पोखेल | ,, |
| - नगर कार्यपालिका सदस्य | श्री चन्द्रमाया परियार | ,, |
| - नगर कार्यपालिका सदस्य | श्री सुनसरी गुरुङ | ,, |
| - नगर कार्यपालिका सदस्य | श्री अमृतबहादुर नेपाली | ,, |
| - नगर कार्यपालिका सदस्य | श्री मधुमाया घर्ती | ,, |
| - नगर कार्यपालिका सदस्य | श्री नरीमाया थापा | ,, |
| - सदस्य सचिव कार्यकारी अधिकृत | श्री हरिप्रसाद बास्तोला | ,, |

अन्य उपस्थिति

| | | |
|---|---|---|
| - बरिष्ठ आलेप अधिकृत | श्री कुमार कंचन जि.सी. | उपस्थित |
| - लेखा अधिकृत | श्री मेघनाथ आचार्य | ,, |
| - इन्जिनियर | श्री रविन्द्रलाल मुल | ,, |
| - कम्प्युटर अधिकृत | श्री गोकर्णराज वाग्ले | ,, |
| - वित्त/कार्यालय सहायक | श्री हेमन्त गुरुङ | ,, |
| - ना.सु | श्री भाग्यशाली ढुंगाना | ,, |

निर्णय नं.१: लोकतान्त्रिक गणतन्त्र स्थापनाको खातिर ज्यानको आहुती दिनुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरुप्रति श्रद्धा सुमन अर्पण गर्दै बैठकको शुभारम्भ गर्ने निर्णय गरियो ।

निर्णय नं.२: स्थानीत तहको निर्वाचन २०७४ सम्पन्न गराई निर्वाचित गर्न सहयोग पुर्‍याउनुहुने सम्पूर्ण मतदाता, निर्वाचन आयोग, राजनैतिक दल, पत्रकार, कर्मचारी, नागरिक समाज एवं यसमा सम्बद्ध सबैलाई धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

निर्णय नं.३: नगरपालिका क्षेत्रभित्रका सम्पूर्ण वडाहरुमा शुद्ध, स्वच्छ एवं सफा खानेपानी आपूर्ति गर्न प्राथमिकतामा राखी आवश्यक व्यवस्था मिलाउने निर्णय गरियो ।

निर्णय नं.४: सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई सहज तुल्याउन जेष्ठ नागरिक, अपांग, विधवा एवं लोपोन्मुख आदिवासी र दलित बालबालिका भत्तालाई घरदैलोबाट नै वितरण गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

निर्णय नं.५: व्यास नगरपालिका वडा नं.८ को पुलीमराङ र व्यास नगरपालिका वडा नं.११ को तनहुंशुरमा रहेका सहिद स्मृति पार्कहरुको पुनःनिर्माण, संरक्षण एवं सम्बर्द्धनको आवश्यक व्यवस्था मिलाउने निर्णय गरियो ।

निर्णय नं.६: वातावरणीय सन्तुलन कायम राख्न नगरलाई पूर्ण रुपमा वातावरणमैत्री गराउने गरी वातावरणमैत्री कार्यक्रमहरु संचालन गरिने र अन्य विकास निर्माणका कार्यक्रमहरु संचालन गर्दा यस तर्फ अत्यन्त सजकता अपनाउने निर्णय गरियो ।

निर्णय नं.७: फोहरमैलाको दीगो रुपमा व्यवस्थापनको लागि फोहरमैलालाई श्रोतमानै घटाउने नीति अवलम्बन गर्दै zero waste management को सिद्धान्तमा आधारित रही कार्यक्रमहरु तय गरिने छ भने स्यानीटरी ल्याण्डफिल साइट निर्माण कार्यलाई यथाशिघ्र अगाडि बढाइने निर्णय गरियो ।

निर्णय नं.८: नगर क्षेत्रभित्र रहेका धार्मिक एवं ऐतिहासिक महत्वका क्षेत्रहरुको पहिचान गरी तिनीहरुको उचित संरक्षण, सम्बर्द्धनको व्यवस्था मिलाउने निर्णय गरियो ।

निर्णय नं.९: नगरको समग्र विकासको लागि योजनाबद्ध रुपमा अगाडि बढ्न बृहद शहरी विकास गुरुयोजना तयार गरी कार्ययोजना सहित अगाडि बढ्ने निर्णय गरियो ।

निर्णय नं.१०: १०८ फिट अग्लो व्यासको मूर्ति निर्माणको लागि आवश्यक पहल गरिने निर्णय गरियो ।

निर्णय नं.११: यस क्षेत्रको शैक्षिक धरोहरको रुपमा रहेको आदिकवि भानुभक्त क्याम्पसलाई विश्व विद्यालयका रुपमा स्तरोन्नति गर्न आवश्यक पहल गरिने र माध्यमिक विद्यालय एवं आधारभूत विद्यालयहरुको गुणस्तर विकास गर्न विशेष कार्ययोजना बनाई लागु गरिने निर्णय गरियो ।

निर्णय नं.१२: यस नगरलाई एउटा सक्षम, सवल र आत्म निर्भर नगरको रुपमा विकसित गर्न यसको मेरुदण्डको रुपमा रहेको आन्तरिक आय एवं कर व्यवस्थापनको क्षेत्रलाई सहज, सुलभ र वैज्ञानिक गराउने निर्णय गरियो ।

निर्णय नं.१३: कार्यालयको दैनिक सेवा प्रवाह एवं प्रशासनिक कार्यहरु कम्प्युटकृत समेत गरी त्यस्ता कार्यहरुलाई सरल, सहज, सुलभ र पारदर्शी गराइ सुशासनको प्रत्याभूति गराउने निर्णय गरियो ।

निर्णय नं.१४: हाल नगरपालिका क्षेत्रमा अस्थायी रुपमा गाडिएका काठका पोलहरु विस्तापित गरी स्टिल पोल राखी विद्युत सेवालाई सुरक्षित बनाउन सम्बन्धित पक्षसंग समन्वय गरी कार्य योजना बनाई लागु गर्ने निर्णय गरियो ।

निर्णय नं.१५: नगरपालिका अन्तरगतका नदी तथा खोलाहरुको सफाई अभियानलाई स्थानीय स्तरको सहभागितामा कार्य योजना बनाई लागु गर्ने निर्णय गरियो ।

निर्णय नं.१६: व्यास नगरपालिकालाई बालमैत्री नगर घोषणा गर्नको लागि आवश्यक पूर्वाधार तयार गर्ने साथै महिला हिंसालाई अन्त गरी कानूनी शासनको प्रत्याभूति महशुस गराउन आवश्यक सहयोग पुर्‍याउने निर्णय गरियो ।

निर्णय नं.१७: . वडास्तर र नगरस्तरबाट सम्पादन गरिने नियमित कार्यहरुलाई प्रभावकारी रुपमा सम्पादन गर्दै हरेक महिनाको ७ गते नगर कार्यकारीणी समितिको बैठक बस्ने निर्णय गरियो ।

निर्णय नं.१८: साविकको व्यास नगरपालिकामा गाभिन आएका गा.वि.स.हरुमा सम्पत्ति कर लगाउनका लागि आवश्यक प्रकृयाहरु पुरा गरी २०७४ श्रावण १ गतेदेखि सम्पत्ति कर लगाउने निर्णय गरियो ।

निर्णय नं.१९: यस नगरपालिकाले सालिन्दा लगाउँदै आएको प्राकृतिक साधन उपयोग कर (ढुंगा, गिटी, वालुवा, कटिङ ढुंगा आदि) लाई अझ व्यवस्थित एवं पर्यावरणीय दृष्टिकोणबाट कम जोखिम युक्त बनाउन आवश्यक गृहकार्य गरी सुझाव सहित ७ दिनभित्र प्रतिवेदन पेश गर्ने गरी निम्नानुसारका पदाधिकारी रहने गरी "प्राकृतिक श्रोत साधन अध्ययन, अनुगमन तथा सुझाव समिति" गठन गर्ने निर्णय गरियो ।

| | | | |
|---|---|---|---|
| १. | वडाध्यक्ष | श्री सतिसचन्द्र न्यौपाने | संयोजक |
| २. | वडाध्यक्ष | श्री मोहनकुमार श्रेष्ठ | सदस्य |
| ३. | वडाध्यक्ष | श्री सूर्यभक्त भण्डारी | ,, |
| ४. | वडाध्यक्ष | श्री ओजराज पौडेल | ,, |
| ५. | वडाध्यक्ष | श्री तुलसीराम सापकोटा | ,, |
| ६. | वडाध्यक्ष | श्री निरबहादुर खड्का | ,, |
| ७. | वित्त तथा का.स. | श्री हेमन्त गुरुङ | सदस्य सचिव |

निर्णय नं.२०: गाउंटोलबाट वडा कार्यालयसम्म र वडा कार्यालयबाट नगरपालिकाको केन्द्रसम्म आवतजावत गर्नका लागि आवश्यक कच्ची ट्याक खोल्ने र भइरहेका सडकहरुको स्तरोन्नति गर्ने निर्णय गरियो ।

निर्णय नं.२१: नगरपालिका भित्रका सबै वडाहरुका मुख्य सवदाह तथा समाधि स्थलको पहिचान गरी उक्त स्थानहरुलाई व्यवस्थित गर्ने निर्णय गरियो । साथै व्यास ११ स्थित निर्वूमा किस्चियनहरुको समाधीस्थल बनाउन यस अगाडि जिल्ला तथा नगरस्तरीय सर्वदलीय समितिबाट गठित समितिद्वारा तयार गरिएको प्रतिवेदन अनुसारका स्थानीय स्तरका मागहरुलाई समेत क्रमश: सम्वोधन गर्दै लैजाने गरी तोकिएको अन्दाजी १० रोपनीको जग्गालाई समाधीस्थलको रुपमा विकसित गर्न आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं.२२: मादी नदी पुलदेखि बुल्दी खोलाको पुलसम्मको पृथ्वी राजमार्गको दायांबायांको नालीहरु अत्यन्त दुर्गन्धित अवस्थामा रहेकोले स्थानीय स्तरकै सहभागिता र सक्रियतामा सडक कार्यालयसंग समेत समन्वय गरी नियमित रुपमा सुग्घर र सफा राख्ने उद्देश्यले निम्नानुसारका पदाधिकारीहरु रहेने गरी सरसफाई अनुगमन समिति गठन गर्ने निर्णय गरियो ।

| | | | |
|---|---|---|---|
| १. | वडाध्यक्ष | श्री काशीराम श्रेष्ठ | संयोजक |
| २. | वडाध्यक्ष | श्री प्रेमकुमार श्रेष्ठ | सदस्य |
| ३. | वडाध्यक्ष | श्री विश्वराज न्यौपाने | ,, |
| ४. | जु.ई. | श्री निर्मल वाग्ले | ,, |
| ५. | शाखा अधिकृत | श्री कृष्णराज घिमिरे | सदस्य सचिव |

निर्णय नं.२३: गण्डकी अंचल तनहुँ जिल्ला व्यास साविक ७ हाल व्यास ५ बस्ने परशुराम गिरीको छोरी वर्ष २५ को अनिता गिरी ऐ.ऐ. बस्ने परशुराम गिरीको श्रीमती वर्ष ५४ की ऋषिमाया गिरी बादी भई व्यास नगरपालिकाको कार्यालय तनहुँ समेतलाई प्रतिवादी बनाई तनहुँ जिल्ला अदालतमा २०७४।२।९ गते दर्ता गरी लगत कट्टा भएको सो जग्गाको मुआव्जा पाउँ भन्ने मुद्दामा यस कार्यालयको तर्फबाट उल्लेखित मुद्दाहरुमा प्रतिउत्तर जवाफ लगाउन तारेखमा रहनका लागि जुनियर इलेक्ट्रिसियन श्री विष्णुकुमार जोशीलाई प्रतिनिधि तोक्ने निर्णय गरियो ।

निर्णय नं.२४: वडा कार्यालय मर्मतका लागि प्राविधिकद्वारा तयार गरिएको तपसिल अनुसारको एकमुष्ठ रु. ११,९२,५७४।५१ को अलग अलग लागत ईष्टिमेट तयार भइसकेको र सो कार्य तत्कालै नगरेमा वडा कार्यालयको दैनिक सेवा प्रवाहमा प्रतिकुल असर पर्न जाने हुनाले सम्बन्धित वडाका वडा सचिव मार्फत अमानतमा मर्मत तथा निर्माण कार्य गराउने निर्णय गरियो ।

| | |
|---|---|
| -वडा नं. ६ सिलिङ प्लाइउड सहित रंगरोगन र शौचालय नयां निर्माण | रु.४,२१,३१८।८१ |
| -वडा नं. ८ सिलिङ प्लाइउड सहित रंगरोगन | रु.२,७०,०५०।४० |
| -वडा नं. १३ सिलिङ प्लाइउड सहित रंगरोगन | रु.१,५०,५२३।४० |
| -वडा नं. १४ सिलिङ प्लाइउड सहित रंगरोगन र प्लाष्टर | रु.३,५०,६८१।९० |

निर्णय नं.२५: वडा कार्यालयहरुबाट नै वडावासीहरुलाई आवश्यक पर्ने सम्पूर्ण सेवा उपलब्ध गराउने कार्य प्रारम्भ भइसकेको परिप्रेक्ष्यमा सो कार्यलाई प्रभावकारी रुपमा संचालन गर्नको लागि अर्को व्यवस्था नहुदा सम्मको लागि प्रत्येक वडालाई निम्नानुसार खर्च गर्ने गरी मासिक एकमुष्ठ रु.१५,०००। (पन्ध्र हजार) उपलब्ध गराउने निर्णय गरियो । सो रकम खर्च भएको विल भरपाईको आधारमा हरेक महिनाको २० गते पछाडि मात्र वडा सचिव मार्फत उपलब्ध गराउने निर्णय गरियो । साथै टेलिफोन लाइन जडान भएका वडाहरुको हकमा संचार खर्च वापत वडाध्यक्ष र वडा सचिवलाई छुट्याइएको रकमबाट नै मासिक टेलिफोन महशुल भुक्तानी गर्ने व्यवस्था मिलाउने समेत निर्णय गरियो ।

| | |
|---|---|
| -कार्यालय सरसफाई ज्यामी ज्याला बढीमा | ५०००। |
| -वडा अध्यक्ष संचार खर्च | २०००। |
| -वडाअध्यक्ष इन्धन खर्च | १०००। |
| -वडा सचिव संचार इन्धन खर्च | १०००। |
| -चिया, नास्ता तथा भैपरि आउने अन्य विविध खर्च | ६०००। |